# चिचिला गाउँपालिका

# विनियोजन विधयेक, २०८१

चिचिला गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सन्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा वनेको विधयेक ।

**प्रस्तावना**

चिचिला गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सन्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने बान्छनिय भएकोले

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम चिचिला गाउँसभाले यो विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम चिचिला गाउँपालिकाको विधयेक २०८१ रहेको छ ।
   (२) यो विधयेक तुरुन्त प्रारम्भ हुनेछ ।
२. **आर्थिक वर्ष** २०८१।०८२ **को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१) आर्थिक वर्ष २०८१।०८२ को निमित्त चिचिला गाउँकार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुहरुको निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम नवढाई निर्दिष्ट गरिए बमोजिम सन्चित कोषबाट खर्च गर्न सकिनेछ ।
३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०८१।०८२ को निमित्त चिचिला गाउँ कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

   (२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानीखर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

   तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

   (३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची – १**
**(दफा २ सँग सम्वन्धित)**
**नेपालको संविधानको धारा २२९ (२) वमोजिम सन्चित कोषबाट खर्च गर्न सकिने रकम**

चिचिला गाउँपालिका संखुवासभा आ.व. २०८१/०८२ को लागि संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त बजेटका सिमाहरुः

क. आय तर्फ

| क्र.स. | **बजेटको श्रोत** | **रकम** | कैफियत |
|---|---|---|---|
| १ | समानीकरण केन्द्रिय सरकार | ७५५०००००० | ७ करोड ५५ लाख |
| २ | राजश्व बाँडफाड केन्द्रिय सरकार | ५१७००००० | ५ करोड १७ लाख |
| ३ | समानीकरण प्रदेश सरकार | ४३४४००० | ४३ लाख ४४ हजार |
| ४ | राजश्व बाँडफाड प्रदेश सरकार | १८१५००० | १८ लाख १५ हजार |
| ५ | आन्तरिक राजश्व | ३५००००० | ३५ लाख |
| ६ | अ.ल्या. (मौज्दात) | ४०१०००० | ४० लाख १० हजार |
| ७ | सङ्घीय सशर्त | ९२३८८००० | ९ करोड २३ लाख ८८ हजार |
| ८ | सङ्घीय विशेष | ५०००००० | ५० लाख |
| ९ | प्रदेश सशर्त | २७६८००० | २७ लाख ६८ हजार |
| १० | प्रदेश समपूरक | ९५००००० | ९५ लाख |
| | जम्मा बजेट | २५०५२५००० | २५ करोड ५ लाख २५ हजार |

ख. व्ययको विवरण

| क्र.स. | व्ययको विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका चालु तर्फ | ७१४५०००० | ७ करोड १४ लाख ५० हजार |
| २ | गाउँपालिका पुँजिगत | ३१६००००० | ३ करोड १६ लाख |
| ३ | वडा स्तरीय कार्यक्रम | १२५००००० | १ करोड २५ लाख |
| ४ | कृषि शाखा | ३७५०००० | ३७ लाख ५० हजार |

| | | | |
|---|---|---|---|
| ५ | शिक्षा शाखा | ८२१९००० | ८२ लाख १९ हजार |
| ६ | पशु सेवा शाखा | १८४०००० | १८ लाख ४० हजार |
| ७ | स्वास्थ्य शाखा | ८९९०००० | ८९ लाख ९० हजार |
| ८ | महिला बालबालिका तथा समाज कल्याण शाखा | ११००००० | ११ लाख |
| ९ | सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा | ९२०००० | ९ लाख २० हजार |
| १० | न्यायिक समिति | ५००००० | ५ लाख |
| ११ | संघीय शसर्त चालु | ९१३८८००० | ९ करोड १३ लाख ८८ हजार |
| १२ | संघीय शसर्त पुजिगत | १०००००० | १० लाख |
| १३ | संघीय विशेष अनुदान | ५०००००० | ५० लाख |
| १४ | प्रदेश शसर्त कार्यक्रम | २७६८००० | २७ लाख ६८ हजार |
| १५ | प्रदेश समपुरक कार्यक्रम | ९५००००० | ९ लाख ५० हजार |
| जम्मा व्यय विवरण | | २५०५२५००० | २५ करोड ५ लाख २५ हजार |